# Training Report
**on**
# Breeding Success in Business and Career




## Centre for Innovative Governance Practices (CIGP)

**June 7-8, 2022**
**(Jestha 24-25, 2079)**

## विषय सूची (Table of Contents)


| | |
|---|---|
| कार्यकारी अध्यक्षको सन्देश | |
| *१. पृष्ठभूमि (Background)* | १ |
| *२. प्रशिक्षणको उद्देश्य (Training Objectives)* | १ |
| *३. प्रशिक्षण संचालन अवधि र स्थान (Duration of Training and Venue)* | २ |
| *४. प्रशिक्षणमा समावेश भएका विषयहरू (Topics included in the training)* | २ |
| *५. प्रशिक्षणमा संलग्न प्रशिक्षकहरू (Trainers involved in the training)* | ३ |
| *६. प्रशिक्षण संचालनको पहिलो दिन (Day 1st of the training)* | ४ |
| *७. प्रशिक्षण सत्र संचालन शुभारम्भ: (Opening Ceremony of the training session)* | ६ |
| *८. प्रशिक्षणको मूल्यांकन (Evaluation of the training)* | १० |
| *९. प्रशिक्षण समापन सत्र (Closing Ceremony of the training session)* | १० |

*अनुसूचिहरू:*

१. प्रशिक्षार्थीहरूको विवरण (List of Participants) १

२. प्रशिक्षणको समग्र मूल्यांकन फाराम (Training Evaluation Form) २

३. प्रशिक्षण तालिका (Training Schedule) ३

४. प्रशिक्षण व्यवस्थापन समूह (Training Management Team) ४

# सेण्टर फर ईनोभेटिभ गभर्नेन्स प्राक्टिसेस्
# (Centre for Innovative Governance Practices-CIGP)

## कार्यकारी अध्यक्षको सन्देश

सेन्टर फर इनोभेटिभ गभर्नेन्स प्राक्टिसेस्ले सार्वजनिक तथा निजी संस्थाका मध्यम तहको व्यवस्थापनमा काम गर्ने कर्मचारीहरूलाई लक्षित गरी वहांहरूवाट सम्पादन हुने कार्य दक्षतामा सुधार ल्याउन र उच्च प्रतिफलको अपेक्षा सहित कर्मचारी स्वयंको पनि व्यक्तित्व विकास गर्ने उद्देश्यले व्यवस्थापन सीपका प्रतिविम्बहरू (Reflections on Management Skills) विषयमा तेस्रो चरणको तालिम सफलतापूर्वक सम्पन्न गरिसकेको छ ।

यस प्रकारको तालिम मध्यम तहका व्यवस्थापकहरूलाई मात्र दिएर नपुग्ने हुनाले अघिल्लो चरणहरूमा सहभागी निकायका उपल्लो तहमा कार्यरत उच्चस्तरका पदाधिकारीहरुलाई समेत लक्षित गरी, ती निकायका उच्चस्तरीय पदाधिकारीहरुको स्व-विकास समेतलाई सहयोग पुग्ने गरी दुई दिने *Breeding Success in Business and Career* विषयमा थप प्रशिक्षण कार्यक्रमको आवश्यकता महसूस गरी तर्जुमा गरिएको प्रशिक्षण कार्यकम सफलतापूर्वक सम्पन्न गर्न हामी सफल भएका छौं ।

प्रस्तुत विषयमा, संगठनको वृहत्तर विकासको साथै समग्र व्यवस्थापनको क्षेत्रमा नीतिगत अवधारणामा जोड दिदैं, प्रशिक्षार्थीको व्यक्तित्व विकासलाई समेत सहयोग पुग्ने गरी समावेश गरिएका ६ वटा विभिन्न Thematic विषयहरूमा सहजीकरण गर्न नेपाल सरकारको उच्च ओहदा (विशिष्ट श्रेणी) बाट अवकाश भई विभिन्न क्षेत्रमा संलग्न रहेर विषयगत विधामा दख्खल राख्ने दक्ष अनुभवी र विज्ञ व्यक्तित्वहरूबाट प्रशिक्षण भएको थियो । परिणामस्वरूप प्रशिक्षार्थीहरूले आफ्नो ज्ञान र सीपको दायरालाई फराकिलो वनाउन सफल हुनुका साथै आफूमा अन्तरनिहित प्रतिभा प्रष्फुटन गराउन पनि सफल भएका छन् भन्ने हाम्रो पूर्ण विश्वास रहेको छ ।

यस अर्थमा, भविष्यमा पनि यो प्रशिक्षणको कार्यलाई अझ परिष्कृत र नयाँ ढङ्गले निरन्तरता दिंदै अन्य निकायहरूमा कार्यरत कर्मचारीहरूलाई पनि तालिम दिनु पर्ने अनुभूति हुँदै गएकोले सरोकारवाला निकायहरूको माग बमोजिम यस प्रकारको प्रशिक्षण संचालन गर्ने सोच CIGP ले राखेको छ ।

अन्त्यमा, यस तालिम सफलतापूर्वक सम्पन्न गर्नमा सक्रिय सहभागी हुने प्रशिक्षार्थीहरू, सहभागी पठाईदिने विभिन्न निकायहरू र तालिममा समावेश भएका विषयवस्तुहरूलाई सहजीकरण गर्न उल्लेख्य भूमिका निर्वाह गर्ने सम्पूर्ण विज्ञ एवं विशेषज्ञ प्रशिक्षकहरू र व्यवस्थापनको क्षेत्रमा अतुलनीय योगदान दिने सम्पूर्ण महानुभावहरू लगायत CIGP परिवारप्रति हार्दिक कृतज्ञता सहित आभार प्रकट गर्दछु ।

कृष्णहरि बास्कोटा
कार्यकारी अध्यक्ष

# Training Report on Breeding Success in Business and Career

# June 7-8, 2022

## १. पृष्ठभूमि *(Background)*

CIGP ले प्रशिक्षणका अत्याधुनिक विधि र पद्धतिलाई अंगिकार गर्दै, सार्वजनिक एवं निजी संस्थाहरूमा कार्यरत जनशक्तिलाई समायानुकुल, व्यवस्थित र परिणाममुखी ज्ञान र सीपको प्रबर्द्धनद्वारा व्यावसायिक दक्षता बृद्धि गर्ने र युगीन चुनौतिको सामना गर्न सक्षम बनाउने उद्देश्य लिएको छ।

यसै तथ्यलाई दृष्टिगत गर्दै, सार्वजनिक तथा निजी निकायका उप-कार्यकारी अधिकृत (डिजिएम सरह) र विभागीय प्रमुखहरूको व्यवस्थापन क्षमता, दक्षता, सीप तथा कार्यकुशलतालाई समयानुकुल पुनर्ताजगी (Refresh) गरी तिनको व्यावसायिक अभिक्षमतामा सकारात्मक पूर्वक्रियाशिलता (Proactiveness) महसूस गरी Breeding Success in Business and Career विषयमा प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको हो।

सार्वजनिक सरोकारका संस्थाहरूमा क्रियाशील जनशक्तिको कार्यक्षेत्रमा व्यावसायिक योग्यता, दक्षता, सीप, ज्ञान तथा अभ्यासलाई सेवाग्राहीको भावना अनुकुल बनाई सार्वजनिक सेवालाई थप गतिशील र विश्वसनीय बनाउने यो कार्यक्रम ती संस्थाको नीति निर्माणको तहमा आवद्ध पदाधिकारीहरूप्रति लक्षित गरिएको छ। सेवा प्रदायक निकायहरूको संगठनात्मक सुधार र उच्च तहका पदाधिकारीहरूको स्व-विकास लाई समेत मुख्य केन्द्रविन्दु मानेर तयार गरिएको यस प्रशिक्षण कार्यक्रमको अभिप्राय सार्वजनिक निकायहरूमा कार्यरत अधिकारीहरूले आफ्नो पेशागत कार्य सम्पादन गर्ने कममा के कस्ता वैयक्तिक तथा संस्थागत रणनीति एवं कार्यनीति अपनाउने भन्ने विषयमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान, सीप र धारणा अभिवृद्धि गर्नु रहेको छ।

यस प्रशिक्षणले प्रशिक्षार्थीलाई उपल्लो तह र मातहतका कर्मचारीहरूबीच सेतुको भूमिकामा रहेर आफ्नो संस्थाको समग्र व्यवस्थापनलाई एउटै सूत्रमा आवद्ध गरी तात्कालिक र दीर्घकालीन उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने अभीष्ट लिएको छ। परिणामस्वरुप संस्थाको पुरै टीम मूल उद्देश्य परिप्राप्तिहेतु समग्रतामा नै क्रियाशील हुन्छ। यसका लागि विषयवस्तुको सूक्ष्म अध्ययन गरी परम्परागत ज्ञान तथा सीपमा समयसापेक्ष संश्लेषणद्वारा प्रशिक्षार्थीको सेवा प्रवाहलाई प्रभावोत्पादक बनाउन सहयोग पुग्ने किसिमका विषयहरू समावेश गर्न संस्था क्रियाशील रहेको छ। बदलिँदो विश्व परिवेशले सामना गर्नु परेका चुनौतीलाई व्यावहारिक ढङ्गले सम्बोधन गर्न सक्ने बनाउनु यस कार्यक्रमको ध्येय रहेको छ। समग्रमा यो उच्च तहका व्यवस्थापकहरूको व्यावसायिक आवश्यकता परिपूर्तिमा केन्द्रित रहेको छ।

***२. प्रशिक्षणको उद्देश्य (Training Objectives)***

यस प्रशिक्षणको मूल उद्देश्य उच्चस्तरीय पदाधिकारीहरुलाई आफ्नो संस्थाको सफलता र स्वयंको स्व-विकासका पक्षहरु पहिचान गर्दै मुलुकको वर्तमान अवस्थाको जानकारी दिई आफ्नो संस्थाको साख उच्च राख्न सक्षमता प्रदान गर्ने रहेको छ । यस प्रशिक्षणको कार्यगत उद्देश्य निम्न अनुसार छन् :-

तालिमको अन्तमा सहभागीहरूले निम्न कार्यहरु गर्न सक्ने छन् ।

(क) मुलुकको आर्थिक नीतिबारे जानकारी प्राप्त गरी त्यसबाट प्राप्त हुने लाभहरुबारे व्याख्या गर्न

(ख) व्यवस्थापनमा आधारभूत सिद्धान्त, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीबारे बताउन

(ग) आफ्नो संस्थाको कर्पोरेट रणनीति कार्यान्वयन गरी सफलता हासिल गर्न उत्प्रेरित भएको एकिन गर्न, र

(घ) तोकिएको जिम्मेवारी र मातहतका कर्मचारीहरूबीचको अन्तरसम्वन्धलाई सकारात्मक सोचका साथ परिणाममुखी बनाउन अपनाउनुपर्ने क्रियाकलापहरु बताउन ।

***३. प्रशिक्षण संचालन अवधि र स्थान*** *(Duration of Training and Venue)*

**अवधि**

- यो दुई दिने प्रशिक्षण कार्यक्रम २०७९ ज्येष्ठ २४ र २५ गते संचालन भएको थियो ।

**समय र स्थान**

- काठमाडौंको जमलस्थित होटल येल्लो प्यागोडामा प्रशिक्षण कार्यक्रम प्रत्येक दिन बिहान १०:०० मा प्रारम्भ भई ५:०० सम्म संचालन भएको थियो ।

**४. प्रशिक्षणमा समावेश भएका विषयहरू:** *(Topics included in the training)*

यस प्रशिक्षणमा निम्नानुसारका विषयहरू समावेश गरिएका छन् : यसका अतिरिक्त Key note speaker का विषयमा उल्लेख हुनुपर्ने

- Budget and policy directions for public enterprises (PEs): Implications f steering and management,
- Implications of emerging economic trends at global and national level for t functioning of PEs in Nepal
- Risks management and control system for business success,
- Collaboration in managing relationships in an growing business competiti
- Leadership as an influencing strategy: Putting meta-leadership into practi in a power-dominated management culture
- Knowledge management as corporate strategy: challenges for learnii 'unlearning'

**५. प्रशिक्षणमा संलग्न प्रशिक्षकहरू:** *(Trainers involved in the training)*

CIGP का संस्थापक संचालक एवम् नेपाल सरकारका पूर्व सहसचिव श्री श्यामसुन्दर शर्मा Breeding Success in Business and Career प्रशिक्षण कार्यक्रमको संयोजनकर्ताको रुपमा भूमिका निभाउनु भएको थियो, भने प्रस्तुत विषयहरूलाई सहजीकरण गर्न नेपाल सरकारको उच्च ओहदाबाट अवकाश भई विभिन्न क्षेत्रमा संलग्न रहनुभएका विषय विज्ञ ~~व्यक्तित्व~~हरू र सार्वजनिक तथा निजी क्षेत्रमा कार्यरत व्यक्तित्वहरूलाई संलग्न गराइएको थियो ।

प्रस्तुत प्रशिक्षणमा संलग्न प्रशिक्षकहरू निम्नानुसार रहनुभएको छ :-

१. श्री कृष्णहरि बास्कोटाः नेपाल सरकारका पूर्व सचिव एव राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख आयुक्त ।
२. डा. हिरामणि घिमिरे, सुशासनविज्ञ ।
३. श्री मनोजकुमार भट्टराई, प्रमुख कार्यकारी अधिकृत, प्राईम लाईफ ईन्स्योरेन्स क.लि.।
४. वरिष्ठ सि.ए. श्री नन्दकिशोर शर्मा, सार्वजनिक वित्त विज्ञ ।
५. प्रा.डा.महानन्द चालिसे, ज्ञान व्यवस्थापन विज्ञ, त्रिभुवन विश्वविद्यालय ।
६. श्री सिद्धराज भट्ट, उप-निर्देशक, नेपाल राष्ट्र बैंक ।

**६. तालिम संचालन प्रक्रियाः** *(Training process)*

यो तालिम दक्षतामूलक र वयस्क सिकाइका सिद्धान्तका आधारमा संचालन भएको थियो । यस तालिममा सहभागीहरूको सक्रिय संलग्नता गराउने प्रक्रियाहरू अपनाइको हुंदा आशातीत ज्ञान र शीपमा सबै सहभागीहरू दक्ष भएका छन् भन्नेकुरामा आशा गर्न सकिने छ । निर्धारित विषयहरू प्रस्तुत गर्ने सिलसिलामा स्रोत व्यक्ति, सहजकर्ता/प्रशिक्षकहरूद्वारा LCD को माध्यमबाट दृश्य सामाग्री देखाउँदै व्याख्यान, अन्तर क्रियात्मक तथा र सामूहिक छलफल, व्यक्तिगत तथा सामुहिक अभ्यास आदिको माध्यम द्वारा सहभागिता मूलक प्रशिक्षण गरिएको थियो ।

**७. तालिम सामग्री**

स्टेसनरीः ....................................
Distribution of Presentation slide ..................................

**८. प्रशिक्षण सञ्चालनको पहिलो दिनः** *(Day 1st of the training)*

**८.१. प्रशिक्षण कार्यक्रमको समुद्घाटन एवं परिचयात्मक सत्रः**

CIGP द्वारा सार्वजनिक तथा निजी क्षेत्रका निकायहरूको उच्च जिम्मेवारीमा रहेका अधिकृतहरुलाई लक्षित गरी मिति २४ र २५ जेठ २०७९ मा काठमाडौंको जमलस्थित होटल येल्लो प्यागोडामा Breeding Success in Business and Career विषयको प्रशिक्षण सञ्चालन भयो, जसमा विभिन्न १५ निकायहरूबाट २५ जना सहभागीहरु हुनुहुन्थ्यो ।

CIGP का संस्थापक संचालक एवम् नेपाल सरकारका पूर्व सहसचिव श्री श्यामसुन्दर शर्मा संयोजनकर्ता रहनु भएको यस प्रशिक्षण कार्यक्रमको औपचारिक उद् घाटन सँस्थाका कार्यकारी अध्यक्ष एवम् नेपाल सरकारका पूर्व सचिव तथा राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख आयुक्त श्री कृष्णहरि बास्कोटाले पानसमा दीप प्रज्वलन गरी शुभारम्भ गर्नुभयो । संसारमा दीप जति उज्यालो क्यै नहुने हुनाले प्रशिक्षार्थीहरुको उज्वल भविष्यको लागि यसरी कार्यक्रम शुरु गर्ने परिपाटी बसालिएको कुरा संयोजक श्री शर्माले यस अघि बताउनु भएको थियो। उद्घाटन लगत्तै संक्षिप्त मन्तव्यको क्रममा अध्यक्ष श्री बास्कोटाले २०४१ सालमा तत्कालीन सहसचिव

श्री विष्णुगोपाल रिसालले 'जसरी शिशाकलमले ताछ्दै लेखिन्छ, त्यसरीनै कर्मचारीको लागि प्रशिक्षणको महत्व रहन्छ' भनेर बताउनु भएको स्मरण गर्दै मूलतः तालिमको उत्पत्ति संयुक्त राज्य अमेरिकाबाट भएको बताउनु भयो। सलाईको काँटी कोठा उज्यालो बनाउने र जंगल सखाप पार्ने दुवै काममा प्रयोग हुने हुँदा पढेका कुरा बिर्सिएर गएपनि देखेका र अनुभव गरेका कुराहरुमा मानिसको ध्यान गएपछि तालिमको माध्यमबाट बिग्रन लागेकोलाई सपार्न सकिने वहाँले बताउनु भयो। आफ्नो कार्य सम्पादनमा असफल हुनु भनेको तुलनात्मकरुपमा पछि पर्नु रहेछ भन्ने कुरा कोही सहजतापूर्वक प्रमुख कार्यकारी हुने त कोही समयमै घर बस्नु पर्ने अवस्थाले प्रमाणित भएको वहाँले भन्नु भयो। प्रस्तुत प्रशिक्षण कार्यक्रममा सबैलाई स्वागत गर्दै Peers Learning को माध्यमबाट ज्ञानलाई परिमार्जन गर्दै जानु पर्ने आवश्यकता वहाँले औँल्याउनु भयो ।

उद्घाटन सत्रमै Key Note Speaker को रुपमा आमन्त्रित व्यक्तित्व अर्थ मन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकार डा. सुरेन्द्रकुमार उप्रेतीले हालै माननीय अर्थ मन्त्रीले संसदमा प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षको आय व्ययको अनुमान तर्जुमामा संलग्न भएको हुँदा त्यसैमा केन्द्रित रहेर आफूले केही कुरा गर्ने विचारले यहाँ उपस्थित भएको बताउँदै बजेटको कार्यान्वयन, सफलता र असफलताका सम्बन्धमा छलफल गरौं भन्नुभयो। बजेटबाट राज्य र त्यसका अंगहरू,सँस्था र सबै तहका मानिसको अपेक्षा र आवश्यकता संबोधन गर्नुपर्ने हुनाले स्रोतको स्वाभाविक समस्या रहन्छ अनि हामीकहाँ त यो राजनैतिक दस्तावेजको रुपमा आउने गरेको कारण प्रत्येक वर्ष अलि फरक कार्यक्रमलाई लक्षित गरी सरकारको अभीष्ट पूरा गर्दै जनतामाझ खुशी छाउने लक्ष यसले लिएको हुन्छ भन्नुभयो। चालु आ.व.को आर्थिक वृद्धिदर ५.८ र मुद्रास्फीति ७.२ प्रतिशतको तुलनामा आगामी आ. व.मा क्रमशः ८ र ७ प्रतिशतको लक्ष राखी कुल १७ खर्ब ९३ अर्बको बजेट आएकोले यसको आकार, प्राथमिकता र सफलताबारे बहस चलिरहेको भन्दै इन्धनको मूल्यवृद्धि र कोभिडपछिको मूल्य शृङ्खलामा आएको विसंगतिले संसारमै सबै वस्तुहरुको भाउ बढेको सन्दर्भमा बजेटको सफलता र प्राथमिकता चुनौतीपूर्ण रहेको वहाँले बताउनु भयो। तीन खम्बे अर्थनीतिको प्रवर्द्धन गर्दै अर्थतन्त्रमा ७२ प्रतिशत हिस्सा ओगट्ने निजी क्षेत्रलाई आर्थिक वृद्धिको इञ्जिनको रुपमा स्थापित गरी नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकासका लागि कृषि क्षेत्र बजेटको उच्च प्राथमिकतामा परेको डा. उप्रेतीले बताउनु भयो। देशको युवा शक्तिलाई सूचना प्रविधिमा आकर्षित गर्दा प्रतिस्पर्धात्मक र तुलनात्मक लाभ हुने विकसित मुलुकको अनुभवलाई बजेटले आत्मसात् गरेको र आन्तरिक रुपमा अर्थतन्त्र सबल नभैकन जोखिमबाट पार लाउन नसकिने धारणा वहांले राख्नु भयो । प्रायः देशहरुमा बजेटको आकार १० देखि १८ प्रतिशतसम्म बढ्ने सन्दर्भमा यो बजेट गत आ. व. भन्दा ९.८ प्रतिशतले मात्र बढेको, कुल गार्हस्थ्य उत्पादनको तुलनामा पहिले भन्दा कम दरको रहेको, तलब वृद्धि भएको तथा निर्वाचन, सामाजिक सुरक्षा, दिवा खाजाको व्यवस्था एवम् आन्तरिक ऋण फिर्ताको कारणले यसमा सामान्य वृद्धि भएको कुरा वहाँले बताउनु भयो। डा. उप्रेतीको सारगर्भित प्रस्तुति पश्चात् सहभागीहरुद्वारा रोचक प्रश्नहरु राखी छलफललाई जीवन्त बनाइएको थियो ।

## ८.२ Budget and policy directions for public enterprises (PEs):Implications for steering and management:

सरकारी सेवाको दश वर्ष अर्थ मन्त्रालयमा विभिन्न भूमिकामा रही नेतृत्व तहबाटै बजेट निर्माणमा जुट्नु भएका श्री कृष्णहरि बास्कोटाको यस आलेखको तयारी सरकार कुन लयमा छ र त्यो लयमा हामी कसरी अघि बढ्न सक्छौं भन्ने सोचले भएको बताउँदै महाकवि देवकोटाले

झैँ चन्द्रमा छुने उद्देश्य बजेटले लिएको आफ्नो विश्लेषण रहेको अभिव्यक्तिबाट आफ्नो प्रस्तुति शुरु गर्नुभयो । कोभिड सँक्रमणका बखत नेपालको आर्थिक विकासमा सहयोग गर्ने ADB, IMF, WB जस्ता बहुपक्षीय दातृ संस्थाहरुले आर्थिक वृध्दि खस्कने, गरिबी बढ्ने, रोजगारी घट्ने संभावना देखाएपछि शुरुमै आर्थिक प्याकेज ल्याउन नसके पनि पछि आएर मौद्रिक नीतिमा केही सुधार ल्याइएको, प्रि–बजेटले राहत, सुधार र पुनरुत्थानका योजना ल्याएको, तथापि लालबन्दीको गोलभैँडा काठमाडौं आउन नसकी सीमापारिका तरकारी भने आएको वहाँले बताउनु भयो। मुलुकमा अहिले २७ लाख बेरोजगार रहेको र विदेशमा ३५ लाख पलायन भएको स्थितिका बाबजुद २०२६ सम्ममा नेपाललाई विकासशील देशको रुपमा स्तरोन्नति गर्ने महत्वाकांक्षी नीति सरकारले अवलम्बन गरेको विषयमा श्री बास्कोटाले प्रकाश पार्नु भयो। आफ्नो प्रस्तुतिको अन्त्यमा वहाँले छलफलका लागि केही यक्ष प्रश्नहरु स्वयँ पेश गर्दै सहभागीहरुको ध्यानाकर्षण गराउनुभएको थियो ।

### ८.३ Implications of emerging economic trends at global and national level for the functioning of PEs in Nepal:

नेपाल राष्ट्र बैंकका उप निर्देशक श्री सिध्दराज भट्टले यूक्रेन संकटको कारण खाद्यान्न आपूर्तिमा कठिनाई, इन्धनको मूल्यवृद्धि र बैंकिंग कारोबारमा अवरोध जस्ता समस्याहरुले गर्दा विश्वमै आर्थिक वृद्धि घट्ने र आयातीत वस्तुहरुको मूल्य अकास्सिने प्रक्षेपणका बीच मानिसहरुले कम खर्च गरुन्, आयात घटोस् र विदेशी मुद्रा संचितीमा चाप कम होस् भन्ने नीति अपनाई ४७ वटा वस्तुको आयात नियन्त्रण गरिएपनि मूल्यवृद्धि रोक्न भने नसकिएको बताउनु भयो। भारतमा मूल्य बढेपछि यहाँ स्वतः बढ्ने र बाह्य गतिविधिले यहाँ असर गर्ने हुनाले यूक्रेन र इण्डोनेशियाबाट कच्चा पदार्थ ल्याई तेल भारत पठाउन पनि समस्या परेको, विप्रेषण आप्रवाहलाई नकारात्मक प्रभाव परेको र निजी क्षेत्रलाई दिने कर्जा बाहिरिएको यथार्थ वहाँले बताउनु भयो। तरलताको अभाव भई कर्जा प्रवाह पर्याप्त हुन सकेन जसको कारण बैंकहरु दबाबमा छन् भने पूँजीगत खर्च कम हुँदा भएको स्रोत पनि थन्किएकोले विदेशबाट व्यावसायिक सापटी लिँदा पहिले गरिने कडाई खुकुलो पारिएको वास्तविकता श्री भट्टले राख्नुभयो । प्रस्तुत परिदृष्यमा सरकारले आयात प्रतिस्थापन नीति अपनाई विद्युत् उपभोग बढाउने, भारतीय चामल, फलफुल, तरकारी, LP ग्यास आयात कम गर्ने, कर्जाको ४० प्रतिशत उत्पादनशील क्षेत्रमा लगानी गर्ने, निजी भन्दा सार्वजनिक सवारी प्रवर्द्धन गर्ने जस्ता उपाय अवलम्बन गर्नु श्रेयस्कर हुने वहाँले भन्नुभयो । उदाहरणका लागि अमेरिकाको क्यालिफोर्नियामा देशभरकै लागि दुग्ध पदार्थ उत्पादन हुने र ४५ दिनसम्म दही खान मिल्नेगरी चिस्यान गरिने व्यवस्था गरिएको सन्दर्भमा विकासको लागि एकीकृत प्रणाली अपनाउनुपर्ने आवश्यकता रहेको वहाँले बताउनु

### ८.४ Risks management and control system for business success:

CIGP का संचालक एवम् वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट् श्री नन्दकिशोर शर्माले नाफा र घाटाको सन्तुलन मिलाउन जोखिम व्यवस्थापन गर्नुपर्ने तर यो अप्रत्याशित हुने हुँदा संस्थाको उद्देश्य प्राप्तिका लागि कहिले सकारात्मक त कहिले नकारात्मक नतिजाको कारण बन्ने देखिन्छ भन्ने धारणासाथ आफ्नो प्रस्तुति शुरू गर्नुभयो। हामी कोही पनि सर्वज्ञ छैनौँ, हरेकमा केही फरकपन छ तसर्थ, व्यक्तिको प्रवृत्ति अनुसार फरक पर्ने कुरालाई आत्मसात् गर्दै Willingness and Ability अनुसार जोखिम व्यवस्थापन गर्नुपर्ने वहाँले बताउनु भयो। जोखिमलाई उपलब्धिसंग जोडेर हेर्ने हो भने जति जोखिम मोल्यो तेती मुनाफा हुने हुँदा यसको व्यवस्थापन प्रक्रिया भगवान् झैँ व्यापक र सर्वमान्य छ भन्नुहुँदै यसको पहिचानको लागि स्रोत पत्ता लगाई मापन, मूल्यांकन, चिन्तन, समाधान र अनुगमन गरी हरदम नेत्रशक्ति र कर्णशक्तिलाई चलायमान बनाउनु पर्ने

हुन्छ भन्नुभयो। साथै, वहाँले जोखिम निर्धारण तरिका र यसको सिध्दान्तबारे व्याख्या गर्दै ATMA (तिरस्कार, स्थानान्तरण, व्यवस्थापन, स्वीकार) सूत्र पेश गर्नुभयो। व्यवसायले जोखिमलाई पछ्याउँदैन बरु जोखिमले चैं त्यसलाई छोड्दैन भन्ने प्रसिद्ध उक्ति स्मरण गर्दै खर्च गर्ने, खर्च लेख्ने र सामान दिने एकै हुनुहुँदोरैनछ भन्नुभयो। प्रस्तुतिको अन्त्यमा श्री शर्माले बहुविकल्पका प्रश्नहरु सहभागीहरुको सामु पेश गर्दै रोचक ढंगले समापन गर्नुभयो।

**दोस्रो दिनः (२०७८/१२/२२)**

दोस्रो दिन जेठ २५ प्रशिक्षण संयोजनकर्ता श्री शर्माले कार्यक्रम प्रारम्भ गर्दै अघिल्लो दिनको समग्र कृयाकलापको छोटो समीक्षा गर्न CIGP मा आबद्ध श्री भरतप्रसाद आचार्यलाई आग्रह गर्नुभयो। सहकारी प्रशिक्षण केन्द्रको प्राचार्य रहिसक्नुएका वहाँले अघिल्लो दिनमा भएका गतिविधिहरु उपर पुनरावलोकन गर्नुभयो।

### ७.४ Collaboration in managing relationships in a growing business competition:

संस्थाका संचालक एवम् प्राइम लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत श्री मनोजकुमार भट्टराइले सेवाप्रदायक र सेवाग्राहीको बीचमा कायम हुनुपर्ने सम्बन्धमा बृहत् विमर्श अघि बढाउँदै संस्थाकै सहकर्मीलाई छिर्की हालेर आफू माथि पुगिँदैन बरु क्षमतावान भएर प्रतिस्पर्धामा खरो उत्रनु स्वाभाविक हुन्छ भन्नुभयो । ग्राहक, उपभोक्ता र सेवाग्राहीलाई कार्यप्रकृतिअनुसार मिल्दोजुल्दो व्यवहार गरी बजारमा स्थायित्व, गुणस्तरीय सेवा, लागत प्रभावकारी र असल नेतृत्व बरकरार राख्न सकिन्छ भन्नेमा विशद् परिचर्चा गर्नुभयो। संसारमा नाम चलेका कम्पनीले पनि फरकपनको प्रस्तुति गर्दै बजारमा आइरहने भन्दै वहाँले प्रतिस्पर्धामा प्रभाव पार्ने तत्वहरु, सम्बन्धका पहलुहरू, ग्राहकको जीवनचक्र, असल सम्बन्धका आयामहरु, अपेक्षा व्यवस्थापन र सुसम्बन्धका उत्तम अभ्यासका बारेमा समेत व्यापक विश्लेषण गरी छलफललाई रुचिकर बनाउनु भयो। सेवाग्राहीलाई आफूले गर्न सक्ने कामको मात्र वचन दिई सो कार्य चित्तबुझ्दो ढंगले सम्पादन गर्दा संस्थाको गरिमा कायम रहने कुरालाई श्री भट्टराइले प्रकाश पार्नु भयो ।

### ७.५ Leadership as an influencing strategy, putting meta-leadership into practice in a power-dominated management culture:

CIGP का संचालक एवम् सुशासनविज्ञ डा. हीरामणि घिमिरेले शुरुमै विद्वान् जोन कोटरको प्रसिद्ध भनाई "आजभोलि संगठनमा व्यवस्थापन अधिक छ र नेतृत्वको अभाव छ" बाट आफ्नो प्रस्तुति अगाडि बढाउनु भयो। अमेरिकामा पहिले प्रधान सेनापति भई पछि राष्ट्रपति रहनुभएका आइजन हावरले 'जुन विषय जरुरी भनिन्छ त्यो महत्वको नहुने र जुन महत्वपूर्ण भनिन्छ सो तेती जरुरी नहुने' आफ्नो कार्यावधिको निष्कर्ष सुनाए। वास्तवमा उनलाई यत्रो ठूलो पदमा लामो अनुभवपछि के बुझ्नुभयो एक वाक्यमा बताउन अनुरोध गरिएको थियो। यी दुई भनाईले नेतृत्व तहमा बसेकाले कुन चाहिं जरुरी र कुन महत्वपूर्ण छुट्याई कठोरतापूर्वक निर्णय लिन सकेन भने समस्या पर्दछ भनेर बुझ्नुपर्ने वहाँको अभिव्यक्ति रह्यो। पहिले नेतृत्व Primitive हुन्थे भने अहिले Persuasive हुनुपर्ने र व्यवस्थापनले व्यवहार परिवर्तन औ नेतृत्वले मनोवृत्ति बदल्ने हुनुपर्छ भन्दै वहाँले टाल्स्टायले भनेको नेता इतिहासले जन्माउने कुरा यूक्रेनको जेलेन्स्की र यहाँको बालेनले पुष्टि गर्न सक्दछन् भनेर बताउनु भयो। तर नेताले इतिहासलाई न्याय गर्न सक्नु पर्दछ, अबको नेतृत्व ऋभचनभलत भएर सहकर्मी, समान तह, माथिल्लो तह र व्यापक जगतलाई प्रभाव पार्ने हुनुपर्दछ भन्दै सबै नेता प्रभावशाली हुनसक्छन् परन्तु तमाम प्रभावशाली

व्यक्ति नेता नहुनसक्छन् ) डा. घिमिरे भन्नुहुन्छ। परिवर्तनलाई नस्वीकार्ने, मुद्राको क्रयशक्ति बढाउन नसक्ने र गतिशील नबन्ने नेताको सत्ता समाप्त हुन्छ भनेर संगठनभित्र पनि नवप्रवर्तनकारी व्यक्ति को छ चिन्न सक्ने खुबी नेतृत्वमा हुनुपर्छ वहाँले भन्नुभयो। नेतृत्व जनमुखी, कार्यमुखी,अवसरमुखी र मित्रवत् व्यवहारमुखी हुँदै अझ Meta Leadership मैत्री हुनुपर्छ र Hybrid World मा आएर त विश्वासिलो, हेरविचार गर्ने र प्रेरणादायी हुनुपर्नेमा वहाँले जोड दिनुभयो। हालैका दिनमा, संसारमै पहिलोपटक, अमेरिकामा गोल्डम्यान साच्स भन्ने कम्पनीले निश्चित तह माथिका वरिष्ठहरुलाई असीमित विदामा रहन पाउने निर्णय गर्यो, यो नवीनतम अभ्यास सबैतिर बहसको विषय बनेको छ वहाँको भनाई थियो। अन्त्यमा, व्यवस्थापनमा Nudging Tool को प्रयोग गरेर काममा प्रेरित गर्न थालिएको बताएर आफ्नो प्रस्तुति सक्नुभयो।

**७.६ Knowledge management as corporate strategy: Challenges for learning and unlearning:** प्रा.डा. महानन्द चालिसे

त्रिभुवन विश्वविद्यालयमा यसै विषयमा शोध गरी अध्यापनरत डा. चालिसेले संसारमा १९८० पछि पिटर ड्रकरले Knowledge Based Economy को शुरुवात गरे पनि नेपालको परिप्रेक्ष्यमा यो सन्दर्भ नवीन रहेको छ र नेतृत्वलाई बुझाउन समेत कठिन छ भन्नुभयो । अब CEO नभनी CKO भन्न थालिएको र KM भनेको वास्तवमै मानिस, प्रक्रिया र प्रविधिको व्यवस्थापन हो , वहाँले भन्नुभयो। KM मा सिर्जना, प्राप्ति, प्रसार र उपयोगको महत्व छ भन्नुहुँदै Harvard Business Review को उपयोग भारतमा धेरै निकायमा भए पनि नेपालमा भने एकमात्र उद्योगमा भएको बताउनु भयो। साथै, सूचना र तथ्य तथ्याँकको आधारमा अनुसन्धान गरेर आएको नतिजा कार्यान्वयनमा ल्याउनसके संगठनले निर्दिष्ट उद्देश्य हासिल गर्दछ, वहाँले भन्नुभयो। KM का तौरतरिका, पध्दति र साधनहरुको बारेमा समेत प्रकाश पार्नु हुँदै डा. चालिसेले हाम्रो मुख्य समस्या नै Knowledge Sharing नहुनु हो भन्नुभयो । यसको कारणमा यदि सूचना बाँडेमा आफ्नो महत्व हराई अभिक्षमतामा ह्रास आउनगई असफल भइन्छ भन्ने संकीर्ण सोच र मनोवैज्ञानिक त्रास रहेको समेत वहाँले बताउनु भयो ।

***८. प्रशिक्षणको मूल्यांकन (Evaluation of the training)***

**८.१ समग्र तालिमको मूल्यांकन**

यस दुई दिने तालिमको प्रभावकारिता र सान्दर्भिकता बारे विभिन्न निकायहरूबाट प्रतिनिधित्व गरेका २५ जना सहभागीहरूबाट नै मूल्यांकन गराउने उद्देश्यले प्रशिक्षकहरूको मूल्यांकन, तालिममा समावेश गरिएका विषय वस्तु सहित व्यवस्थापन पक्ष समेतको मूल्यांकन गर्न “तालिम बारे सहभागीहरुको प्रतिविम्ब” भन्ने एक प्रश्नावली भराइएको थियो । यसको सहजीकरण सिआईजिपीमा आवद्ध श्री उदेवमान महर्जनद्वारा भएको थियो । २५ जना मध्ये २४ जनाले मूल्यांकन प्रक्रियामा सहभागिता जनाईएको छ। “तालिम बारे सहभागीहरुको प्रतिविम्ब” मूल्यांकनको नमूना अनुसूचि ३ मा दिईएको छ ।

## Participants Reflection

(तालीमबारे सहभागीहरूको प्रतिविम्ब)

| Sl No. | Overall Process of the Training | Overall Logistics Management | Overall Contents and Methods: Contents | Overall Contents and Methods: Presentation | Overall Contents and Methods: Discussion | Behavior of the facilitator | Metho. of the Training | Better understanding of the content | Updated knowledge | Updated skill |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Excellent | 2 | 0 | 3 | 3 | 1 | 5 | 2 | 5 | 3 | 0 |
| Very Good | 10 | 9 | 11 | 14 | 4 | 13 | 10 | 13 | 11 | 11 |
| Good | 11 | 8 | 9 | 7 | 12 | 6 | 11 | 5 | 10 | 13 |
| Fair | 1 | 7 | 1 | 0 | 5 | 0 | 1 | 1 | 0 | 0 |
| Poor | 0 | 0 | 0 | 0 | 2 | 0 | 0 | 0 | 0 | 0 |
| Missing | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| Total | 24 | 24 | 24 | 24 | 24 | 24 | 24 | 24 | 24 | 24 |

उक्त प्रश्नावली रेटिङ गर्ने स्केलको सन्दर्भमा १=कम., २=ठिकै, ३=राम्रो, ४=धेरै राम्रो, ५=.उत्तम भन्ने प्रावधान राखिएको थियो अथवा १=२० अंक छ भने ५=१०० अंकको भार राखिएको थियो जसमा:

- *समग्रमा तालीमको प्रक्रियागत पक्ष कस्तो पाउनुभयो ?* भन्नेमा २४ जना सहभागीहरु मध्ये ५० प्रतिशतले धेरैराम्रो  तथा उत्तम भनेका छन् भने राम्रो भन्ने ४५.८ प्रतिशत र ठिकै भन्ने १ जना अथवा ४.२ प्रतिशत रहेको छ। कम भन्नेमा कुनै सहभागीहरुबाट स्कोर गरिएको छैन ।
- *समग्रमा तालिमको व्यवस्थापन पक्ष कस्तो पाउनुभयो ?* भन्नेमा ७०.८ प्रतिशतले धेरैराम्रो  तथा उत्तम भनेका छन् भने, २९.२ प्रतिशतले राम्रो लाग्यो भनेका छन्। ठिकै तथा कम भन्ने सहभागीहरु कोही नभएको देखिएको छ ।
- त्यस्तै, *यो तालिमको विषय वस्तु तपाईहरुको लागि कतिको सान्दर्भिकता छ ? भन्नेमा* ५८.३ प्रतिशतले धेरैराम्रो  तथा उत्तम भनेका छन भने ३७.५ प्रतिशतले राम्रो तथा ४.२ प्रतिशत (१ जना) ले ठिकै भनेका छन भने कम भन्ने सहभागीहरु कोही देखिएका छैनन्।
- *सहजकर्ताहरुको प्रस्तुतिकरण कस्तो लाग्यो ?* भन्नेमा ७१ प्रतिशतले धेरैराम्रो तथा उत्तम भनेका छन भने, २९ प्रतिशतले राम्रो भनेका छन् र कम भन्ने सहभागीहरु कोही देखिएका छैनन् ।
- *सेसनको दौरानमा छलफलको समय प्रयाप्तता ?* भन्नेमा २१ प्रतिशतले धेरैराम्रो तथा उत्तम भनेका छन भने ५० प्रतिशतले राम्रो र २१ प्रतिशतले ठिकै र ८ प्रतिशतले कम भनेका छन ।
- *सहजकर्ताहरूको व्यवहारकस्तो पाउनुभयो ?* भन्नेमा ७५ प्रतिशतले धेरैराम्रो  तथा उत्तम भनेका छन भने २५ प्रतिशतले राम्रो भनेका छन भने कम तथा ठिकै भन्ने सहभागीहरु कोही देखिएन ।

- *तालीम विधि कस्तो लाग्यो ?* भन्नेमा ५० प्रतिशतले तालिमको विधि धेरैराम्रो तथा उत्तम भनेका छन भने तालिमको विधि राम्रो भन्ने ४५.८ प्रतिशत रहेको छ र ठिक्कै भन्ने १ जना (४.१ प्रतिशत) छ ।
- *विषय वस्तुको जानकारी कस्तो रह्यो भन्ने ? प्रश्नमा* ७५ प्रतिशतले विषय वस्तुको जानकारी धेरैराम्रो तथा उत्तम भनेका छन भने २०.८ प्रतिशतले राम्रो भएकोकुरा उल्लेख गरेका छन भने, ठिक्कै भन्ने १ जना (४.१ प्रतिशत) छ ।
- *ज्ञानमा भएको अभिवृद्धि कस्तो रह्यो भन्ने ? प्रश्नमा* ५८.३ प्रतिशतले ज्ञानमा भएको वृद्धि धेरैराम्रो तथा उत्तम भनेका छन भने ४१.७ प्रतिशतले राम्रो भएकोकुरा उल्लेख गरेका छन ठिक्कै छ भन्ने कुनै सहभागि देखिएन ।
- *सीपमा भएको अभिवृद्धि कस्तो रह्यो भन्ने ? प्रश्नमा* ४५.८ प्रतिशतले सीपमा भएको अभिवृद्धि धेरैराम्रो भनेका छन भने ४१.७ प्रतिशतले राम्रो भएकोकुरा उल्लेख गरेका छन भने सीपमा भएको अभिवृद्धि उत्तम तथा ठिक्कै छ भन्ने कुनै सहभागि देखिएन ।

➢ समग्रमाः तालिमको उद्देश्य अनुरुप दुई दिनका लागि राखिएका विषय वस्तुहरु उपयुक्त देखिएको हुंदा विषय वस्तुमा परिमार्जन वा हेरफेर नभएको स्थितीमा तालिमको अवधि सन्तोषजनक मान्न सकिने कुरा देखिएको छ ।

➢ सारांसमा भन्नु पर्दा सहभागीहरुलाई यस तालिममा राखिएका बिषय बस्तुको सान्दर्भिकता रहेकोकुरा ९५.८ प्रतिशत उल्लेखहुनुले पनि सहभागीहरुको कार्यक्षेत्रमा उल्लेनिय योगदान पुऱ्याउन सकिने छ भन्ने कुरा आसा गर्न सकिने छ ।

➢ उल्लेखित मूल्यांकनको नतिजाबाट आगामि सञ्चालनहुने तालिमहरुमा सहभागीहरुका लागि प्रयाप्त छलफल तथा अभ्यास मूलकहुनु पर्ने देखिएको छ ।

➢ तालिममा सहभागीको मूल्यांकनबाट आएको परिणामको नतिजाको विस्तृत विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।

**९. *प्रशिक्षण सत्र समापन* (*Closing Ceremony of the Training Session)***

**९.१ समापन सत्र**

समापन सत्र प्रशिक्षण कार्यक्रम समापन सत्रको अध्यक्षता CIGP का कार्यकारी अध्यक्ष श्री कृष्णहरि बास्कोटाले गर्नु भयो । जसको संचालन श्री भरतप्रसाद आचार्यले गर्नु भएको थियो । शुरुमा श्री आचार्यले सहभागीहरुको तर्फबाट दुई जनालाई मन्तव्य राखीदिन आग्रह गर्नुभयो जसअन्तर्गतः

१. **निक्षेप तथा कर्जा संरक्षण कोषका नायव प्रवन्धक मन्दिरा थपलियाले** प्रशिक्षणमा चयन गरिएका विषयबाट विस्तृतमा जानकारी प्राप्त हुनआएको, विश्वविद्यालयमा पढेको कुरा अहिले स्मरण हुँदा प्रयोगमा ल्याउन सहज हुने देखिएको र समग्रमा परोक्ष अपरोक्ष रुपमा धेरै बुझ्न पाइएकोले CIGP प्रति आभार प्रकट गर्नुभयो ।

२. **नेपाल वायुसेवा निगमका उप-निर्देशक कृष्णप्रसाद अर्यालले** Projection and Prediction का आधारमा धेरै जान्न पाएकोमा आयोजकप्रति कृतज्ञता र धन्यवाद छ भन्नुभयो ।

सहभागीहरुको मन्तव्यपश्चात् अध्यक्ष श्री बास्कोटाले विभिन्न १५ निकायका २५ जना प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र प्रदान गर्नुभयो। त्यसपछि दुई शब्द बोल्ने क्रममा वहाँले दुई दिनको तालिम भएपनि पक्कै केही ज्ञान मिलेको छ र यसका लागि वहाँहरुलाई पठाउने संस्थाप्रति आभार प्रकट गर्दै सहभागीहरुलाई बधाई दिनु भयो। जापानमा O&M, SoP, Quality Circle को व्यवस्था छ र यो वरिष्ठ तहको प्रशिक्षणपछि आवश्यक पर्दा CIGP का साथीहरुले यहाँको संस्थामा आएर छलफल गर्नसक्नुहुन्छ, वहाँले भन्नुभयो । जीवनमा ज्ञानको महत्वका सम्बन्धमा अकबर) वीरबलको कथा अन्तर्गत ज्वरो आएको कविराज दरवार जाँदा उपचारका धेरै कुरा जानेको, गुरुले शिष्यलाई समान परिमाणमा तोरीको दाना दिँदा एउटाले तकिया बनाएको, अर्कोले पूजा कोठामा राखेको र अर्कोले जमिनमा उब्जाएर ४ पाथी बनाई, बढाउँदै व्यापार गरी पछि त तेल मिल नै उद्घाटन गर्न गुरुदेवलाई बोलाएको प्रसंग श्री बास्कोटाले सुनाउनु भयो। यसैगरी, नागार्जुन आयुर्वेदाचार्यले सहयोगी आवश्यक पर्दा एउटाले राम्रो परीक्षा दिँदा पनि नलिएर परीक्षा बिगार्नेलाई चयन गरेको दृष्टान्त पनि वहाँले सुनाउनु भयो किनभने तयारीमा लाग्न नपाउनुको मुनासिव कारण रहेछ र निजले छिमेकी बिरामी भई उसैको उपचारमा लागी ठीक पारी आएको रहेछ। रोगीको उपचारमा प्रयोगात्मक अनुभवको महत्व यसले उजागर गरेको छ। श्री बास्कोटाले भविश्यमा CEO हरुलाई एकदिने कार्यक्रमको सोच CIGP ले राखेको छ भन्नुहुँदै सहभागीहरुलाई सुस्वास्थ्य र पदोन्नतिको कामना गरी प्राप्त सुझावको पालना गरिने आश्वासन समेत दिई कार्यक्रम समापन गर्नुभयो ।

***

:

अनुसूचि-१

# Center for Innovative Governance Practices (CIGP)

## Breeding success in business and career तालिम कार्यक्रम २०७९ ज्येष्ठ २४-२५

सहभागीहरूको विवरण:

| सं क्र. सं. | संस्था/निकायको नाम | स. क्र. सं | सहभागीको नाम | पद | सम्पर्क नम्बर | E-mail Address |
|---|---|---|---|---|---|---|
| १ | प्राईम लाईफ ईन्स्योरेस क.लि. Prime Life Insurance Company Ltd. | १ | चिरायु भण्डारी | Deputy CEO | ९८५१०३२११० | chirayu@primelifenepal.com |
| | | २ | मण्दिल अधिकारी | Head II | ९८५१०११४१४ | mandil@primelifenepal.com |
| | | ३ | विकास बस्नेत | Head Human Resource | ९८५१०९९८१८ | bikash@primelifenepal.com |
| २ | राष्ट्रिय बाणिज्य बैंक लि. Rastriya Banijya Bank Ltd | ४ | सरस्वती अधिकारी | उप-कार्यकारी अधिकृत | ९८५११९४४४२ | sarswati.adhikari@rbb.com.np |
| | | ५ | राम कुमार थापा | विभागिय प्रमुख | ९८५१२१८४८९ | ram.thapa@rbb.com.np |
| | | ६ | राजु थापा | उप-प्रमुख वित्त विभाग | ९८५१२०५३४७ | raju.thapa@rbb.com.np |
| ३ | नेपाल बायुसेवा निगम | ७ | कृष्ण प्रसाद अर्याल | Deputy. Director | ९८५१२३७३२१ | krishnakrista111@gmail.com |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Nepal Airlines Corporation | | | | | |
| ४ | राष्ट्रिय बीमा संस्थान Rastriya Beema Sansthan | ८ | रेशम कृष्ण सोम पौडेल | Senior. Officer | ९८५११८७०६२ | resham.paudel@rbs.gov.np |
| ५ | औद्योगिक क्षेत्र व्यवस्थापन लि. Industrial District Management Ltd. | ९ | संजय लाल मानन्धर | Director | ९८५१०९६५५२ | sanjayamanandhar79@gmail.com |
| ६ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. Salt Trading Corporation Ltd. | १० | संकेत भट्टराई | Ast. CEO | ९८५१०२९५६३ | sanket2023.sb@gmail.com |
| | | ११ | महेन्द्र प्रसाद भुसाल | Division Manager | ९८५११३४८५३ | mahendrabhusal1@gmail.com |
| ७ | गुरास लाईफ ईन्स्योरेन्स कम्पनी लि. Gurans Life Insurance Co. Ltd. | १२ | विवेक कुमार साह | Manager Internal Control | ९८०८६४९०३४ | bibek.sah@guranslife.com |
| ८ | युनियन लाईफ ईन्स्योरेन्स कम्पनी लि. Union Life Insurance Company Ltd. | १३ | प्रकाश चन्द्र न्यौपाने | Head-Admin/HR Department | ९८४३०६१९०४ | prakashneupane97@gmail.com |
| | | १४ | रितेन्द्र लाल कर्ण | Head- Agency Department | ९८६६५५०८०२ | ritendrainsurance@gmail.com |
| ९ | बुटवल पावर कम्पनी लि. Butwal Power Company Limited | १५ | टीका राम भट्ट | Vice-president, Corporate | ९८५१०२९०१५ | tikaram.bhatta@bpc.com.np |
| १० | आई.एम.ई. लाइफ ईन्स्योरेन्स कम्पनी लि. I.M.E Life Insurance Company Limited | १६ | सुदीप राणा | Sen. Manager | ९८५१०११११०/ ९८०१९०१५०५ | sudip@imelifeinsurance.com |
| | | १७ | जगत बोहोरा | Sen. Manager Finance head. | ९८६३९२८६४५/ ९८०१९०१५६० | jagat@imelifeinsurance.com |
| | | १८ | श्रवण कुमार आचार्य | Compliance Officer | ९८६६८४१४११ | srawan.acharya@imelifeinsurance.com |
| ११ | एन.एम.बि बैंक लि. NMB Bank Ltd. | १९ | मुनिन्द्रजंग थापा | Officer–Company Secretary | ९८५१०५५६३६ | munindra.thapa@nmb.com.np |
| | | २० | अमर ढुङ्गेल | Manager-Corporate Governance | ९८५११८१९५४ | amar.dhungel@nmb.com.np amardhungel11@gmail.com |
| १२ | सिटिजन लाईफ ईन्स्योरेन्स कम्पनी लि. Citizen Life Insurance Company Limited | २१ | भुषण रिमाल | Chief Marketing Officer, | ९८५१२३९६१२ | bhushan.rimal@citizenlifenepal.com |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | निक्षेप तथा कर्जा संरक्षण कोष<br>Deposit and Credit Guarantee Fund | २२ | मन्दिरा थपलिया | Dept. Head Deposit Guarantee | ९८४१४८३७१४ | mandirathapaliya4@gmail.com |
| १४ | नेपाल बैंक लि.<br>Nepal Bank Ltd. | २३ | दीपेन्द्र राज काफ्ले | Chief-Manager | ९८५११२००२२ | dipendra.kafle@nepalbank.com.np |
| | | २४ | सुन्दर पन्थी | Chief-Manager | ९८५११५९६६६ | sundar.panthi@nepalbank.com.np |
| १५ | ग्लोबल आई.एम.ई बैंक लि. Global IME Bank Ltd. | २५ | नरहरी सिलवाल | Head-Retail Banking | ९८५१०६१०९४ | narahari.silwal@gibl.com.np |

अनुसूचि-२

# Centre for Innovative Governance Practices

## Participants Reflection (तालिमबारे सहभागीहरूको प्रतिविम्ब)

**Training Name:** *Breeding Success in Business and Career* Date: June 7-8, 2022

**Venue:** Hotel Yellow Pagoda

**A. Please Rank using the following scale by circle (1= Poor, 2= Fair, 3= Good, 4= Very good, 5= Excellent)** (

कृपया तल दिइएका कुनै एक अंकमा गोलो चिन्ह लगाउनु होस् (१=नराम्रो, २ =ठीकै, ३ =राम्रो, ४= धेरै राम्रो, ५= उत्तम)

| | | | | | |
|---|---|---|---|---|---|
| 1. Overall process of the training (समग्रमा तालिमको प्रक्रियागत पक्ष) | 1. | 2. | 3. | 4. | 5 |
| 2. Overall Logistical Management (समग्रमा व्यवस्थापन पक्ष) | 1. | 2. | 3. | 4. | 5 |

**B. Please suggest the following by circle (1= Poor, 2= Fair, 3= Good, 4= Very good, 5= Excellent)**

**Group work**

(कृपया तल दिइएका कुनै एक अंकमा गोल चिन्ह लगाउनु होस् (१=नराम्रो, २ =ठीकै, ३ =राम्रो, ४= धेरै राम्रो, ५= उत्तम)

| 1. Overall contents and methods (समग्रमा विषय वस्तु तथा विधि) | Contents (विषय वस्तु) | **Presentation** (प्रस्तुतिकरण) | **Discussion** (छलफल) |
|---|---|---|---|
| | 1. 2. 3. 4. 5 | 1. 2. 3. 4. 5 | 1. 2. 3. 4. 5 |

**C. Please rank the following by circle (1= Poor, 2= Fair, 3= Good, 4= Very good, 5= Excellent)**

(कृपया तल दिइएका कुनै एक अंकमा गोलो चिन्ह लगाउनु होस् (१=नराम्रो, २ =ठीकै, ३ =राम्रो, ४= धेरै राम्रो, ५= उत्तम)

| | | | | | |
|---|---|---|---|---|---|
| 1. Behavior of the facilitators (सहजकर्ताहरूको व्यवहार) | 1. | 2. | 3. | 4. | 5 |
| 2. Methodology of the training (तालिम विधि) | 1. | 2. | 3. | 4. | 5 |
| 3. Better understanding of the content (विषय वस्तुको जानकारी) | 1. | 2. | 3. | 4. | 5 |
| 4. Updated knowledge (ज्ञानमा भएको अभिवृद्धि) | 1. | 2. | 3. | 4. | 5 |
| 5. Updated skill (सीपमा भएको अभिवृद्धि) | 1. | 2. | 3. | 4. | 5 |

6. Any other (Please specify)……………………………………………………………………
   अन्य केही भए (प्रस्ट्याउनु होस्)………………………………………………………………

**D. Do you have any suggestions to make the training better? Please write in bullet form.**

(तालिमलाई अझ राम्रो बनाउन केही सुझाव भए बुँदागत रूपमा उल्लेख गर्नु होस् ।)

…………………………………………………………………………………………………………

अनुसूची-३

# सेण्टर फर ईनोभेटिभ गभर्नेन्स प्राक्टिसेस

(Centre for Innovative Governance Practices –CIGP)

## Breeding success in business and career

**Training Schedule** २०७९ ज्येष्ठ २४ र २५ गते

| Time | Session | Course contents | Resource Person |
|---|---|---|---|
| पहिलो दिन (२०७९ ज्येष्ठ २४) | | | |
| 10:00-10:15 (15 Min) | Registration | NA | CIGP Team |
| 10:15-11:15 (60 Min) | Session -1 | Opening Session<br>• Inauguration<br>• Introduction<br>• Welcome<br>• Course goal and objectives<br>• Overview of 2 days schedule<br>Key note speech | Krishna Hari Baskota, Chairman, CIGP |
| 11:15-12:45 (90 Min) | Session -2 | Budget and policy directions for public enterprises (PEs):Implications for steering and management | Krishna Hari Baskota |
| 12:45-13:15 (30 Min) | ***Break*** | | |
| 13:15-14:45 (90 Min) | Session -3 | Implications of emerging economic trends at global and national level for the functioning of PEs in Nepal | Siddha Raj Bhatta |
| 14:45-15:30 (45 Min) | ***Refreshment*** | | |
| 15:30-17:00 (90 Min) | Session -4 | Risks management and control system for business success | Senior, CA Nanda K Sharma |
| दोश्रो दिन (२०७९ ज्येष्ठ २५) | | | |
| 10:00-10:15 (15 Min) | Registration | | CIGP Team |
| 10:15-11:45 (90 Min) | Session -5 | • Collaboration in managing relationships in a growing business competition. | Manoj Kumar Bhattrai |
| 11:45-12:15 (30 Min) | Break | | |
| 12:15-13:45 (90 Min) | Session -6 | • Leadership as an influencing strategy<br>• Putting meta-leadership into practice in a power-dominated management culture | Dr Hiramani Ghimire |
| 13:45-14:30 (45 Min) | ***Refreshment*** | | |
| 14:30-15:45 (90 Min) | Session -7 | • Knowledge management as corporate strategy:<br>• Challenges for learning and "unlearning" | Dr Mahananda Chalise |
| 15:45-16:15 (30 Min) | | • Key note speech | |
| 16:15-16:30 (15 Min) | | • Discussion if any | All |

| | | | |
|---|---|---|---|
| 16:30-17:00 (30 Min) | Closing Session | • Views from 2 participants<br>• Certificate distribution<br>• Closing remarks by Chairman, CIGP | Krishna Hari Baskota |

**अनुसूची-५**

# Senior Management and Office Team

| क्र.सं. | नाम | जिम्मेवारी | सम्पर्क नम्बर | E-mail Address |
|---|---|---|---|---|
| १ | कृष्णहरि बास्कोटा | कार्यकारी अध्यक्ष | ९८४१३५०२८० | khbaskota1@gmail.com |
| २ | श्याम सुन्दर शर्मा | कार्यकारी संचालक | ९८४१४००८९७ | ssshyam.mail@gmail.com |
| ३. | नन्दकिशोर शर्मा | संचालक सदस्य | ९८५१०३४२७७ | ca.nksco@gmail.com |
| ४ | डा. हीरामणि घिमिरे | संचालक सदस्य | ९८४१४१८४४४ | hiramanighimire@gmail.com |
| ५ | मनोजकुमार भट्टराई | संचालक सदस्य | ९८५११३४२५५ | bhattaraim1956@gmail.com |
| ६ | आनन्दराम रेग्मी | सदस्य, SMT | ९८४०१७१२४५ | arregmi@gmail.com |
| ७ | भरतप्रसाद आचार्य | सदस्य, SMT | ९८४१३९९०७२ | bpacharya61@gmail.com |
| ८ | राममणि भट्टराई | सदस्य, SMT | ९८५११२११३५ | rammanibhattarai1@gmail.com |
| ९ | उदेवमान महर्जन | सदस्य, SMT | ९८४९५२७९३७ | udevm@yahoo.com |
| १० | उत्तम भण्डारी | कार्यालय व्यवस्थापक | ९८४१७८६९६३ | bhandariuttam5@gmail.com |
| ११ | सृजना रिमाल | कार्यालय सहयोगी | ९८४९९९३३२० | Srijanarimal76@gmail.com |

CIGP
www.cigp.org.np

# CERTIFICATE

## -OF TRAINING-

*THIS IS TO CERTIFY THAT*

*has successfully completed the training on* **"Breeding Success in Business and Career"**
*conducted by Centre for Innovative Governance Practices (CIGP)*
*from 7 - 8 June 2022 in Kathmandu, Nepal*

CIGP
Centre for Innovative Governance Practices

Shyam Sundar Sharma
Training Coordinator

Krishna Hari Baskota
Executive Chairman

*8 June 2022*
*Kathmandu, Nepal*

# अनुसूची-५